Sub.Code : 0061 'B'

**NEB - GRADE XII**
**2083 (2026)**

## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

(रजिस्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७९, ८०, ८१ र ८२ भएका साधारण धारतर्फका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*समय : ३ घण्टा* *पूर्णाङ्क : ७५*

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

### समूह 'क'

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु** [११×१=११]

१. पाश्चात्य चिन्तनको कुनै एक विशेषता लेख्नुहोस् ।
२. अन्तरवैयक्तिक सिप अन्तर्गत पर्ने कुनै दुईवटा उप-सिपहरू लेख्नुहोस् ।
३. अनुसन्धानमा कार्य कारण सम्बन्धको महत्त्व एक बुँदामा लेख्नुहोस् ।
४. सामाजिक अनुसन्धानमा भिडियो अनुप्रयोगलाई कसरी उपयोग गर्नुहुन्छ ? एक बुदाँमा लेख्नुहोस् ।
५. नेपाल अङ्ग्रेज युद्धको तत्कालीन कारण लेख्नुहोस् ।
६. सामाजिक सद्भाव तथा सहिष्णुता प्रवर्द्धन गर्न तपाईंले गर्न सक्ने योगदान एक बुँदामा उल्लेख गर्नुहोस् ।
७. मुलुकी देवानी संहिताको प्रावधानलाई तपाईंले कसरी उपयोग गर्नुभएको छ ? एक बुँदामा लेख्नुहोस् ।
८. स्थायी र अस्थायी बसाइँसराईबिचको भिन्नता एक बुँदामा प्रस्तुत गर्नुहोस् ।
९. नेपालले विश्व व्यापार संगठनको सदस्यता लिनुको एक उद्देश्य लेख्नुहोस् ।
१०. विम्स्टेक लगायतका क्षेत्रीय मञ्चबाट नेपालले लाभ लिन के गर्नुपर्ला ? एक बुँदामा प्रस्ट पार्नुहोस् ।
११. शिक्षामा समुदायको भूमिका भनेको के हो ? एक बुँदामा लेख्नुहोस् ।

### समूह 'ख'

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु** [८×५=४०]

१२. तपाईंको आफ्नो समुदायमा व्याप्त कुनै एक सामाजिक समस्या पहिचान गरी उक्त समस्यासँग सम्बन्धित तथ्याङ्क सङ्कलनका लागि अन्तर्वातामा स्थानीयलाई सोधिने कुनै चारवटा प्रश्नहरूको नमुना सूची तयार पार्नुहोस् । [१+४]

**अथवा**

सामाजिक अध्ययनको कुनै एउटा विषयवस्तुमा अनुसन्धान गर्ने व्यक्तिलाई प्रतिलिपि अधिकार ऐन, २०५९ का कानुनी प्रावधान सम्बन्धमा सोध्न सकिने कुनै पाँचवटा प्रश्नको नमुना तयार पार्नुहोस् ।

क्रमश:



१३. सामाजिक सम्बन्धको अवधारणा प्रस्ट पार्दै यसका चार महत्त्व उल्लेख गर्नुहोस् । [१+४]
१४. भौगोलिक अवस्थिति प्रणाली (GPS) लाई आफ्नो दैनिक जीवनमा सहज बनाउन कसरी उपयोग गर्नुहुन्छ ? पाँच बुँदामा लेख्नुहोस् ।
१५. जनआन्दोलन २०६२/६३ पछि नेपाली समाजमा परेको सामाजिक प्रभाव पाँच बुँदामा समीक्षा गर्नुहोस् ।
१६. समतामूलक समाज निर्माणमा समावेशीकरणको महत्त्व उदाहरणसहित पाँच बुँदामा लेख्नुहोस् ।
१७. किशोरकिशोरीहरूले पालना गर्नुपर्ने कुनै पाँच नैतिक कर्तव्यहरू उल्लेख गर्नुहोस् ।
१८. नेपालमा पछिल्लो गाउँसहरको बदलिदो सम्बन्धले जीविकोपार्जनमा पारेका प्रभाव पाँच बुँदामा विश्लेषण गर्नुहोस् ।
१९. शिक्षाले रोजगारी सिर्जना गर्नमा कसरी सहयोग पुऱ्याउँछ ? पाँच बुँदामा लेख्नुहोस् ।

**अथवा**

शिक्षाले सामाजिक-सांस्कृतिक विकासमा कसरी सहयोग पुऱ्याउँछ ? पाँच बुँदामा लेख्नुहोस् । [२.५+२.५]

### समूह 'ग'

**विस्तृत उत्तरात्मक प्रश्नहरु** [३×८=२४]

२०. नेपाली समाजमा समालोचनात्मक अभ्यासको प्रयोग कमजोर छ भन्ने गुनासोप्रति तपाईंको सहमति वा असहमतिका तार्किक धारणा आठ बुँदामा स्पष्ट पार्नुहोस् ।
२१. प्रदेशहरूबिचको आर्थिक सामाजिक अन्तरसम्बन्ध उदाहरणसहित प्रस्ट पार्नुहोस् । [४+४]

**अथवा**

"प्राकृतिक विपत् जलवायु परिवर्तनको परिणाम हो ।" यो वाक्यांशलाई जलवायु परिवर्तनका कारण र प्रभावका आधारमा उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२२. नेपालको वैदेशिक व्यापार घाटा निरन्तर बढिरहेको छ । यस सन्दर्भमा वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्न के सुझाव दिनुहुन्छ ? आठ बुँदामा स्पष्ट पार्नुहोस् ।

-0-